# मिसन न्यूज

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

www.missionenews.com

वर्ष-३ | अंक-२८ | २०७५ माघ १६ गते बुधबार | 30 January 2019 Wednesday | मूल्य रू. १०/-



कुनै पनि तवरको अन्धविश्वासमा नलागौं । रोग लागेमा स्वास्थ्य केन्द्र जाने बानी बसालौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय


सूचना तथा प्रसारण विभाग


## स्टमेट विपरित विमानस्थल बन्ने तयारी

**मिसन न्यूज**

**कालिकोट**-कोटवाडा विमानस्थल स्टमेट विपरित निर्माण हुने तयारी भएको छ । हेलिकप्टरको ढुवानीबाट विमानस्थल निर्माण गर्ने स्टमेट भएपनि गाडीबाट सामान ढुवानीको तयारी भएको हो । २०४२ सालबाट निर्माण कार्य थालिएको सुनथराली विमानस्थल परीक्षण उडानमै सीमित भएको छ । २०७३ माघ २९ गते परीक्षण उडान भएको कोटबाडा विमानस्थलमा सरोकारवालाको चासो नहँदा परीक्षण उडानमै सीमित भएको हो ।

तत्तकालिन पर्यटन तथा नागरिक उड्यन मन्त्री जीवनबहादुर शाही हुदाँ परीक्षण उडान गरिएको कोटबाडा विमानस्थल परीक्षण उडानपछि झनै अलपत्र अवस्थामा छ । परीक्षण उडान गरिएको डेढ बर्ष बित्दा समेत कोटबाडा विमानस्थलमा धावनमार्गको सुधार, रिपिटर टावर समेत बनेको छैन् । संरचना नवन्दा विमानस्लको काम अधुरै रहेको छ । विमानस्थल निर्माणको नाममा मागी खाने भाँडो बनाएको स्थानीय पुष्पराज भटराईले बताए । 'विमानस्थलमा परीक्षण उडान मात्र गरियो ।' उनले भने,'त्यसपछि कुनै पनि भौतिक पूर्वाधार बनाउने काम भएको छैन ।' सडक संजालले नछोएको नरहरीनाथ गाउँपालिकाका स्थानीयले एक दिनको पैतल दुरी हिडेर राजमार्गमा पुग्नुपर्ने बाध्यता रहेको छ । स्थानीय उपचार विमानस्थल निर्माण पंचायतकालदेखि बहुदलिय ब्यवस्थाको हुँदै लोकतान्त्रिक गणतन्त्रमा आउँदासम्म पनि परिक्षण उडानमै सिमित भएको छ । विगत देखि नै स्थानीय उपभक्ता र राज्यको चरम लापरवाहीले विमानस्थल अलपत्र



कालिकोटको निर्माणधिन सुनथराली विमानस्थल ।

नपाएर बिरामी हुदाँ दुई दिनको पैतल दुरी हिडेर राजमार्गमा जानुपर्छ बाध्यता छ । विमानस्थलका बिषयमा प्रत्येक नेता र राजनीतिक दलहरुले चुनावी नारा मात्र बनाउने गरेको स्थानीयको गुनासो छ । विमानस्थलको भौतिक पूर्वाधार विकास क्षेत्रमा ध्यान नदिएको नरहरीनाथ गाउँपालिकावासीले बताए । परेको स्थानीय कटक बिष्टले बताए । विमानस्थलमा स्थानीयले सरुवातमा ३ रुपैयाँ ज्यालामा काम गर्ने गरेका थिए । तर, हाल कामदारले एक हजार ज्याला पाउने गरेका छन् । कालिकोट, हुम्ला, जुम्ला, अछाम जिल्लाको लागि पायक पर्ने यो विमानस्थल राजनीतिक


**बाँकी ८ पृष्ठमा.....**


## दुई जिल्लाका नागरिकलाई हवाई भाडामा छुट

**मिसन न्यूज**

**कालिकोट -** सडकले नछोएका कर्णाली प्रदेशका दुई जिल्लाका नागरिकहरूले हवाई भाडामा छुट पाउने भएका छन् । सडक सञ्जालले नछोएका कर्णाली प्रदेशका डोल्पा र हुम्ला जिल्लाका नागरिकहरूले हवाई भाडामा छुट पाउने भएका हुन् । कर्णाली प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले डोल्पा र हुम्ला जिल्लाका ६० वर्षमाथिका जेष्ठ नागरिक र पूर्ण रुपमा अपाङ्गता भएका नागरिकलाई हवाइ टिकटमा एक हजार सहुलियत दिन शुरु गरेको छ । कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा नै डोल्पा र हुम्लाका जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई हवाइ भाडामा छुट दिने निर्णय गरिएको उद्योग, पर्यटन, वन तथा



वातावरण मन्त्री नन्दसिंह बुढाले बताए । 'कर्णाली प्रदेशका हुम्ला र डोल्पाका नागरिकलाई सहुलियतमा हवाइ भाडा छुट गर्ने निर्णय गरेका थियौं।' उनले भने,'त्यसै अनुरुप चालु आर्थिक वर्षमा हवाई भाडामा छुट दिन थालिएको छ ।' एक करोड बजेट दुई जिल्लाका नागरिकलाई भवाई भाडा छुट दिनका कर्णाली प्रदेश सरकारले एक करोड रुपैयाँ बजेट विनियोजन गरेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले जनाएको छ । सेवा प्रदान गरेबापत हवाइजहाज कम्पनीले यात्रुबाट बोर्डिङ पास प्रिन्ट वा ई-कपी टिकट राखेर


**बाँकी ८ पृष्ठमा..**


## चिसोबाट बचाउन सडकबासीलाई न्यानो

**मिसन न्यूज**

**जुम्ला -** जिल्ला सदरमुकाम खलंगाका विभिन्न सडक पेटी, सार्वजकि स्थान तथा मठमन्दिरमा बस्ने सडक मान्छेलाई राहत सामाग्री वितरण गरिएको छ । एक हप्तादेखि जिल्लामा जारी हिमपात तथा माइनस सात डिग्रिमा पुगेको अत्यधिक चिसोका कारण सडकका कुनै मान्छेलाई ज्यान गुमाउन नदिन स्थानीय प्रशासनले उनीहरुलाई न्यानो दिएको हो ।



लुगा वितरणपछि खाजा खुवाउँदै सशस्त्र प्रहरी बलका एसपी रोशन श्रेष्ठ ।

राहत पाउनेमा पहिचान नखुलेका नौ जना सडकका छन् । उनीहरुलाई जिल्ला दैवी प्रकोप उद्धार समितिले कम्बल, ज्याकेट र सशस्त्र प्रहरी बल नम्बर २३ गणले नुन, दाल र चामल बितरण गरेका छन् । राहत पाउनेहरु सबै बोल्न नसक्ने फरक क्षमताका हुन् । सडकमै बास भएका उनीहरु एकसरो लुगा र एकछाक खानका लागि भौतारिइरहन्छन् । राहत पाएपछि उनीहरुले सांकेतिकरुपमा खुसी ब्यक्त गरे । राहतसँगै उनीहरुलाई खाजा समेत खुवाइयो । दैवी प्रकोप उद्धार समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी बिष्णु पौडेलले सडकमा बास


**बाँकी ८ पृष्ठमा..**

# पुरुष अग्रसरताबिना छाउपडी हट्न असम्भव

कमला पराजुली

कस्तो विडम्बना ! फेरि पनि त्यही कुप्रथालाई निरन्तरता दिँदै दुई साना छोरासहित अम्बाले ज्यान गुमाइन् छाउगोठमा । बाजुराको बुढीनन्दा नगरपालिका-९, अगाउँपानीमा साँझ खाना खाएर छाउगोठमा सुत्न गएकी ३५ वर्षीया अम्बा बोहरा र उनका १२ र ९ वर्षीय छोराहरू समेतको साथमै अँगेनामा बालिएको आगोले निस्सासिएर ज्यान गयो । हुनत आगो बाल्दा निस्सासिएर ज्यान गएको यो पहिलो घटना भने होइन । अछाम जिल्लाको छाउगोठमुक्त घोषित गाम्रा( ७ मा २०७३ पुस २ गते राती १५ वर्षीया रोशनी तिरुवाको पनि छाउगोठमै ज्यान गएको थियो । २०७३ मंसिर ३ गते राती अछाम जिल्लाकै तिमल्सेन गाविस-७ की २२ वर्षीया सतुदेवी उपाध्यायको पनि छाउगोठमै मृत्यु भएको थियो। भोलिपल्ट घटनास्थलमा अध्ययन गर्दा उनको नाकबाट रगत बगिरहेको कुरा स्थानीय तिलक खत्री तिमल्सेनाले जानकारी दिएका थिए । त्यसकै भोलिपल्ट मंसिर ४ गते राती तिमल्सेन गाविसकै वडा नं.-४ की २६ वर्षीया डम्बरा उपाध्याय को पनि छाउगोठमै मृत्यु भयो। जाडो महिनामा कहिले चिसोमा न्यानो पार्दा धुवाँमा निस्सासिएर त कहिले जाडोले कठ्यांग्रिएर मृत्यु भएका छन् । त्यसैगरी गर्मीमा झ्याल नै नभएका अत्यन्तै साँघुरा र असुरक्षित गोठमा रात काट्दा कहिले गुम्सेर त कहिले सर्पले डसेरसमेत मृत्यु भएका घटना पनि त्यतिकै छन् । २०७३ सालकै असार २२ गते दैलेख जिल्लाको चामुण्डा विन्द्रासैनी नगरपालिका ६, लैनचौरकी १८ वर्षीया तुलसी शाहीको छाँउ गोठमा सर्पले टोकेर मृत्यु भयो । २०७३ जेठ ८ गते चामुण्डा विन्द्रासैनी नगरपालिका ४ की १४ वर्षीया लालसरा वि.क.को पनि छाउ गोठमै सर्पको टोकाइबाट ज्यान गएको थियो । २०७५ सालकै जेठ २६ गते राती अछाम जिल्ला तुर्माखाद गाउँपालिका ४ की १८ वर्षीया पार्वती बुढा छाउपडी गोठमा सुतिरहेको बेला सर्पले टोकेरै मृत्यु भयो । सर्प, बिच्छी र बाघ, भालु मात्र होइन, महिलाहरू आफ्नै परिवारका र चिनजानकै पुरुषबाट समेत असुरक्षित भएका घटनाहरू नौला होइनन् । त्यस्तै घटना भयो २०७५ असार १७ गते। सुर्खेतको बराहताल गाउँपालिका ६, रतुवाकी पन्ध्र वर्षीया किशोरीलाई सोही गाउँका १९ वर्षीय जनक शर्मा र १८ वर्षीय पदम वनले राती छाउगोठमै बसेकी अर्की किशोरीको मिलेमतोमा सामूहिक बलात्कार गरे । उक्त घटनाका बारेमा कसैलाई बताएमा पीडितलाई मार्ने धम्कीसमेत दिए । तर पीडितले २०७५ असार १८ गते प्रहरी चौकी कुनाथरीमा आरोपीहरूविरुद्ध आफूलाई जबर्जस्ती करणी गरेको किटानी उजुरी दिइन् । किशोरीको स्वास्थ्यमा गम्भीर आघात पर्‍यो र सोही दिन क्षेत्रीय अस्पताल सुर्खेतमा उनको स्वास्थ्य उपचार गराइयो । हुम्ला सिमीकोट गाउँपालिका( ७ मा छाउगोठमा बसेकी १७ वर्षीया लक्ष्मी शाही २०७४ फागुन २० गते राती शौचालय जान बाहिर निस्कँदा लडेर घाइते भइन् । उक्त दुर्घटनाका कारण लक्ष्मीको दायाँ खुट्टाको माथिल्लो भाग नचल्ने भयो । किशोरी र महिलाको मृत्यु नै नभए पनि कुनै न कुनै बेला यौन हिंसा भएका, शारीरिक र मानसिक हिंसा झेलेका घटना धेरै छन् ।

**छाउपडी अन्त्यका लागि अध्ययन र कानुनी व्यवस्था**-राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो प्रतिवेदनमा 'छाउगोठमा रहँदा महिला र किशोरीहरू सर्पले टोकेर, जंगली जनावरको आक्रमणबाट, शुद्ध हावाको अभावबाट निस्सासिएर, आगलागी भएर अकालमा मृत्यु हुने गरेको पाइन्छ । मादक पदार्थ सेवन गर्ने वा अन्य पुरुषबाट महिला तथा किशोरीमाथि बलात्कार, यौन शोषण, यौनजन्य दुर्व्यवहार जस्ता घटना पनि बारम्बार घट्ने गरेको पाइन्छ । तर महिला तथा किशोरीहरूमाथि चारित्रिक लाञ्छना लाग्ने र उल्टै निन्दाको पात्र भइने डरले यस्ता घटनाहरू उजुरी नै बन्न नसक्ने र बाहिर नआउने हुँदा पीडितले न्याय नपाउने गरेको' स्पष्ट उल्लेख गरेको छ । 'महिला उपर भएको यस्तो गम्भीर मानवअधिकार हनन्को अवस्था देख्दा मलाई आफू महिला भएकोमा लाज भएको छ । पीडाबोध भएको छ', राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य मोहना अन्सारी भन्छिन् । राष्ट्रिय मानवअधिकार आयोगबाट छाउपडी समस्यालाई निराकरण गर्न विभिन्न अध्ययन अनुसन्धान र कार्यक्रमहरू भई नै रहेका छन् । केही साता अगाडि मात्रै पनि राष्ट्रिय जाँचबुझ कमिटी बनाएर मानवअधिकार आयोगकै पहलमा दैलेख र अछाममा विभिन्न कार्यक्रमहरू गरिए। जिल्लाको अनुगमनसमेत गरेर फर्किएकी मोहना अन्सारी थप्छिन्, 'यस्ता कार्यक्रमहरूले जनचेतना बढाउने कुरामा त सहयोग गर्छन् तर यसको निरन्तरता लाई रोक्न कानुनी प्रक्रियामै जानुपर्छ ।' कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति कृष्णभक्त पोखरेल यसलाई महिलामाथिको सामाजिक, सांस्कृतिक तथा कानुनी अपराध ठान्छन् । 'यो महिलामाथिको सामाजिक, सांस्कृतिक र कानुनी अपराधसमेत हो । छाउपडी प्रथालाई कानुनी रूपमा समेत अपराधको रूपमा परिभाषित गरिसकिएको छ', उनी भन्छन् । सर्वोच्च अदालतले २०६२ सालमै छाउपडी प्रथालाई कुप्रथा घोषित गरी छाउपडी प्रथा उन्मूलनका लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । त्यसपछि पहिलो पटक २०७५ भदौ १ गतेबाट लागू हुने गरी छाउपडीलाई फौजदारी अपराधको संज्ञासहित कानुन प्रारम्भ भइसकेको छ, जसमा 'मुलुकी अपराध संहिता विधेयक, २०७४ को दफा १६८ '३' ले महिलाको रजश्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा अन्य कुनै पनि किसिमको अमानवीय व्यवहार गर्न वा गराउन हुँदैन' भन्ने व्यवस्था गरेको छ। दफा १६८ '४' ले त्यस्तो कसुर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ । राष्ट्रसेवकले यस्तो कार्य गरेमा थप तीन महिना कैद सजाय हुने व्यवस्था गरिएको छ । विश्वव्यापी मानवअधिकारको घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ र महिलाविरुद्धका सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (सिड), १९७९ लगायतले यस्ता प्रथा र कार्यलाई मानवअधिकारको गम्भीर हनन्का रूपमा लिएको छ । 'सचेत परिवारमा समेत पाप र धर्मको त्रास र सामाजिक बहिष्कारको डरले छाउपडीलाई जोगाइरहेको छ । झारफुक गर्ने धामी र समाजका अगुवा भनिएका पण्डितहरूले यस्ता कुरालाई अझ धेरै बढावा दिएको बुझिएको छ', खतिवडा भन्छिन् ।

**छाउपडीबारे स्थानीय महिला स्थानीय-** महिलाले मानव अधिकार जाँचबुझ कमिटीको सन्दर्भमा आफूलाई बताएको कुरा मानवअधिकार आयोगकी उपनिर्देशक खतिवडा नयाँ पुस्ताका पढेलेखेका महिलाहरूले गुनासो गर्ने गरेको बताउँछिन् । 'हामीलाई प्रजनन् स्वास्थ्यबारे थाहा छ । यो महिलाको जीवनचक्रको एउटा स्वाभाविक स्वास्थ्य प्रक्रिया हो । यो बेला स्वस्थ वातावरणमा, पोषिलो खानेकुरा खाएर आरामसँग रहनुपर्ने हो । यो हाम्रो शरीरको गोपनीयता र आत्मसम्मानको विषय पनि हो । म कहिले पर सरेँ या सरिनँ या गर्भवती भएँ भन्ने सम्पूर्ण कुराको जानकारी सार्वजनिक गरानुपर्ने हुन्छ', स्थानीय महिला भन्छन्, 'हामीलाई यस्तो कुराले लज्जाबोध हुन्छ तर घरमा कुनै दुर्घटना भयो भने छाउ नबारेको दोष, सर्पले टोक्यो भने छाउ नबारेको दोष, बर्खामा पैह्रो गयो भने, बाली सप्रिएन भने, असिना पर्‍यो भने, घरमा कोही बिमारी भयो भने छाउ नबारेरै यो सबै भयो भन्ने पारिवारिक र सामाजिक लाञ्छना खप्नुपर्ने हुँदा हामी छाउगोठमा जान बाध्य छौं ।' तर आफ्नो अनिच्छामै पनि पुरुषले गरेको निर्णयलाई महिलाहरू स्वीकार्न बाध्य छन् ।

## साताको भाग्यफल

**मेष** : प्रारम्भ रमाइलो रहनेछ । काम बन्नुका साथै व्यापार बढ्नेछ । मन मिल्ने साथी भेटिने र प्रेमको बन्धन कसिने सम्भावना देखिन्छ ॥

**वृष** : प्रारम्भमा परिस्थिति अनुकूल हुनाले धेरै काम सम्पादन गर्न सकिनेछ । प्रतिस्पर्धीहरू परास्त हुनाले राम्रै अवसर प्राप्त हुनेछ ।

**मिथुन** : सुरुमा पढाइको चिन्ताले सताए पनि मिहिनेत गर्दा राम्रै उपलब्धि हातपार्न सकिनेछ । व्यापार र उद्योगमा फाइदा हुनेछ ।

**कर्कट** : प्रारम्भमा ईर्ष्या गर्नेहरू बढ्नेछन् भने काम गरेर पनि जस नपाइने परिस्थिति देखिन्छ । आँटेको काम रोकिन सक्छ ।

**सिंह** : मिहिनेतले विशेष जिम्मेवारी हातपार्ने समय छ । प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ । अप्ठ्यारो काम समेत सम्पादन हुनेछ ।

**कन्या** : आलोचकहरूले काममा बाधा पुर्याए पनि सहयोगीहरूले साथ दिनेछन् । बलभन्दा बुद्धिको उपयोगले काम लिने प्रयत्न गर्नुहोला ।

**तुला** : इच्छाशक्ति बढ्नाले लक्ष्य प्राप्त गर्न सकिनेछ । नयाँ तथा दिगो काम गर्ने समय छ । सरल जीवनशैलीले धेरैको मन लोभ्याउन सकिनेछ ।

**वृश्चिक**: प्रारम्भमा केही झमेला आउन सक्छन् । अस्वस्थताका बीच कामको बोझ बढ्नेछ । तापनि चुनौती पार लगाउन सकिनेछ ।

**धनु** : सुरुमा प्रियजनसँग भेटघाट भए पनि आतिथ्य खर्चिलो हुनेछ । बिनाकारण वादविवादमा परिने योग देखिएकाले व्यवहारमा सजग रहनुहोला ।

**मकर** : प्रारम्भमा प्रतिस्पर्धीहरूले दुस्ख दिए पनि कर्मयोगले फाइदा दिलाउनेछ । खर्च लागे पनि मिहिनेतले विशेष अवसर हात पार्न सकिनेछ ।

**कुम्भ** : आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । आँटले चिताएको काम सम्पादन हुनेछ । अध्ययनतर्फ मिहिनेतको उपलब्धि प्राप्त हुनेछ ।


**मीन** : प्रारम्भमा केही चुनौती देखापरे पनि आफन्तको साथ प्राप्त हुनेछ । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुऱ्याउलान् ।

# कालिकोटका सबै स्थानिय तहमा बैंक

**विश्वनाथ सिम्खाडा**

**कालिकोट** - जिल्लाका सबै स्थानिय तहसम्म बैंकहरु पुगेका छन् । जिल्लामा ३ नगरपलिका र ६ वटा गाँउपालिका छन् । राष्ट्रिय बैंकले सबै स्थानिय तहसम्म बैंकको शाखा खोल्न निर्देशन दिएपछि जिल्लाका सबै स्थानिय तहसम्म बैंक सेवा विस्तार भएको हो । विगतमा जिल्लाको सदरमुकाम मान्ममा मात्र बैंकहरु रहेका थिए ।

तर अहिले बैंकहरुको शाखा सबै स्थानीय तहमा पुगेका छन् । स्थानीय तहहरुमा बैंक नहुँदा सेवाग्राहीहरुलाई समस्या भएको थियो । तर बैंक पुगेपछि स्थानिय बैंकको कामको लागि बजार धाउनु पर्ने बाध्यता समेत हटेको छ । सबै भन्दा पहिले जिल्लाको रास्कोट नगरपालिकामा ग्लोबल आइइमई बैंक पुगेपछि अहिले ९ वटै स्थानिय तहमा फरक फरक बैंक पुगेका छन् । स्थानिय तहमा बैंक आएपछि काममा समेत सहज भएको रास्कोट नगरपालिका प्रमुख काशिचन्द्र वरालले बताए । उनले स्थानिय तहमा बैंक आएपछि गाउँपालिकाले सबै कारोवार स्थानिय स्तरवाट नै सञ्चालन गरेको बताए । 'स्थानिय तहमा बैक नआउँदा रुप्साका स्थानियबासी सदरमुकाम मान्मजानु पर्ने वाध्यता थियो' अध्यक्ष विस्टले भने । मान्ममा बैंकको गाउँपालिका तथा स्थानिय वासीन्दाहरुलाई समेत सहज भएको छ । त्यसैगरी छिमेकी गाउँपालिका शान्नि त्रिवेणिमा केही समय अगाधि बैक उद्घाटन भइसकेको अध्यक्ष शाहिले थियो अब हटेको छ । बैंकबाट काम गराउनु पर्दा स्थानिय वासीन्दाहरुले समस्या भोग्दै आएका थिए । अब सबै समस्याबाट मुक्त भएको स्थानिय बासिको भनाई छ । स्थनिय तहबाट विकास



कालिकोटको पचालभरना गाँउपालिकामा नबिल बैंकको शाखा स्थापना ।

कामले आउनु पर्दा दिन भरीको एक जनाको सबै काम वित्ने गरेको थियो । अहिले सदरमुकाम जानु पर्ने वाध्यता हटेको अध्यक्ष विस्टले बताए । यस्तै मान्म जानु नपर्ने भएपछि आर्थिक तथा समयको समेत बचत भएको शान्नि त्रिवेणि गाँउपालिका अध्यक्ष डम्बर बहादुर शहिले बताए । बैक भएपछि बताए । गाँउपालिकामा बैक विस्तार भएदेखि स्थानिय तहबाट प्रवाह हुने सेवा सुविधा सहज भएको उनको भनाइ छ । बैक स्थानिय तहमा भए बैंकको कामका लागि सदरमुका मान्ममा पुग्नुपर्ने वाध्यता हटेको अध्यक्ष शाहिले बताए । बैंक नहुँदा बैंकको काम गर्न मान्म जानुपर्ने वाध्यता निर्माणको काम गर्दा अधिकांश कारोवार बैंक मार्फतहरु गर्नुपर्ने भएको हुँदा सर्वसाधारण कर्मचारी र जनप्रतिनिधिहरु लाई सहज भएको छ । सुविधा सम्पन्न ठाउँहरुमा सरकारी र निजि बैंकहरुको संख्या धेरै भएपनि विकट र दुर्गम क्षेत्रका

बाँकी ४ पृष्ठमा..


## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## कालिकोटका सबै स्थानिय.....................

स्थानीय तहमा भने बैंक विहीन रहेका थिए । नेपाल राष्ट्र बैंकले सबै स्थानीय तहहरुमा अनिवार्य रुपमा बैंक खोल्ने प्रावधान ल्याए पनि बैंकहरुले लामो समयसम्म गाउँ जान त्यति चासो दिएका थिएनन् ।

सुरक्षा र भौतिक पुर्वाधारको अभाव देखाउँदै गाउँ जान मन गरेका थिएनन् । कारोवार वढी हुने स्थानमा वैंकहरु धमाधम शाखा स्थापना भई रहेका छन् । जिल्लाको शुभकालिका गाँउपालिकामा कृषि विकास बैंक, रास्कोट नगरपालिकामा ग्लोबल आईएमई बैंक, तिलागुफा नगरपालिका र महावै गाँउपालिकाको लागि नाग्ममा इन्भेष्टमेन्ट वैंक, पचालझरना गाँउपालिका र पलाता गाँउपालिकाको लागि जारकोटमा नविल बैंक, नरहरिनाथ गाँउपालिकामा कृषि विकास बैंक पुगेको स्थानीयतहले वताएका छन् । ९ वटा स्थानिय तहमध्ये नरहरिनाथ गाँउपालिका, शुभकालिका गाँउपालिका र महावै गाँउपालिकामा वैंकको उद्घाटन गरेपनि कारोवार बैंकले शुरु नगरेका शुभकालिका गाँउपालिका अध्यक्ष खडानन्द चौलगाईले बताए । 'अब फागुन पहिलो सातावाट स्थानिय तहमा वैंकलाई कारोवार शुरु गर्न भनेको छौं', उनले भने । केहि सुरक्षाका दृष्टिकोणले पनि कारोवार छिटो गर्न नसकिएको उनले बताए ।

**पचालझरनाको सन्देश**

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**पचालझरना गाउँपालिका**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

# स्वास्थ्य

## यसरी हटाऔं कब्जियत

जाडो मौसममा शरीरमा पानीको कमीका कारण कब्जियतले सताउने डर पनि उत्तिकै हुन्छ । बेलाबेलामा पानी पिइरहने बानीले पाचन प्रणालीमा सहयोग पु¥याउन सक्छ । यस्तो अवस्थामा चिनी हालेको सोडाजन्य पेय पदार्थ खाँदा कब्जियत झन् बढाउन सक्छ । त्यसैले केही समयको अन्तरालमा मनतातो पानी पिइराख्नु नै शरीरका लागि उपयुक्त हुन्छ । यसबाहेक जीवनशैलीका यी विभिन्न उपाय अपनाउँदा पनि कब्जियत कम गराउन मद्दत गर्छ ।

**व्यायाम**

पछिल्ला केही अध्ययनअनुसार व्यायाम कब्जियतको उपचार नभए पनि यसले समस्यालाई कम गर्न मद्दत गर्ने गरेको पाइएको छ । व्यायामले शरीरको सम्पूर्ण स्वास्थ्यलाई फाइदा पु¥याउँछ र यो समस्या पनि घटाउँदै लैजान्छ ।

**कफी धेरै खाने**

कफीले पाचन प्रणालीका मांसपेशीहरू लाई परिचालन गरेर कब्जियतबाट छुट्कारा दिलाउन मद्दत गर्छ । त्यसैगरी कफीमा पाइने रेसाजन्य पदार्थले पनि यसको उपचारमा मद्दत गर्छ । पाचन प्रणाली सक्रिय बनाउने सन्दर्भमा पानीले भन्दा कफी ६० प्रतिशत बढी प्रभावकारी हुने देखिएको छ । **दूधजन्य पदार्थ नखाने**-केही मानिस दूधजन्य पदार्थ पचाउन सक्दैनन् । दूधले त्यस्ता मानिसको आन्द्राको चाललाई असर गर्ने हुनाले यस्ता उत्पादनले कब्जियत बढाउँछ । तर, यस्ता खानेकुरा खान छाडे क्याल्सियमयुक्त खानेकुरा भने खानु जरुरी हुन्छ ।

**आरुबखडा**

सुकाएको आरुबखडा वा यसको रस कब्जियतका लागि अत्यन्तै लाभदायक खाना हो । दैनिक पचास ग्राम आरुबखडा वा सुकेको आरुबखडा खाँदा रेसादार खानाले भन्दा पनि प्रभावकारी काम गर्छ ।

**रेसादार खाना**

घुलनशील रेसादार खानाले दिसालाई कसिलो बनाउनबाट जोगाउँछ । त्यसैगरी अघुलनशील रसादार खानाले पेट वा आन्द्रामा खानाको चाललाई सक्रिय बनाउँछ । त्यसैले ओखर, हरिया सागपात, गहुँको खस्रो पीठो, गाँजर, काँक्रो लगायतका खानेकुरा खाँदा फाइदा पुग्छ ।

**फलफूलको जुस**

स्याउ, सुन्तला, खर्बुजा, मौसम लगायतका फलफूलको जुसले पनि कब्जियत घटाउन सहयोग गर्छ । यी जुसमा भएका भिटामिनले पनि पाचन प्रणालीलाई मात्र नभई स्वास्थ्यलाई नै लाभ पु¥याउँछ ।

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय**
**कालिकोट**

# आयुर्वेद उपचारप्रति बिरामीको आकर्षण बढ्दो

**मिसन न्यूज**

**जुम्ला -** आयुर्वेद औषधालयमा स्वधन (पसिना) निकाल्ने विरामीको भीड लाग्ने गरेको छ । अरु विरामी भन्दा पसिना निकाल्ने विरामी को भीड लाग्ने गरेको जुम्ला आयुर्वेद औषधालयका वैद्य पार्वती रावलले बताइन् । वाथरोगबाट ग्रसित भएका जोसुकै उमेर समूहका विरामीले आयुर्वेद औषधालयमा आएर पसिना निकाल्ने सेवा लिने गरेको वैद्य पार्वतीको भनाइ छ । जुम्लामा चिसो महिना शुरु भएपछि विरामीको चाप बढेको आयुर्वेद औषधालय जुम्लाले जनाएको छ ।

प्रत्येक हप्ताको आइतबार मात्र पसिना निकाल्ने सेवा दिँदै अएको रावलको भनाइ छ । उनले पहिला प्रत्येक हप्ताको आइतबार र बुधबारको सेवा दिने गरे पनि हाल कर्मचारीको अभावले आइतबार मात्र सेवा दिने गरेको गुनासो पोखिन् । रावलले भनिन्, 'चन्दननाथ नगरपालिका जुम्लाबाट आयुर्वेद औषधालयका लागि आवश्यक वजेट विनियोजन नहुँदा विरामीलाई गुणस्तरीय र प्रभावकारी सेवा दिन समस्या भएको छ ।' पसिना निकाल्नका लागि चिसो समयमा १ महिनामा २ देखि ३ वटासम्म सिलिन्डर आवश्यक पर्ने रावलको भनाइ छ । हाल दैनिक रुपमा २० जनाको हाराहारीमा सेवाग्राही आएर सेवा लिने गरेको प्रमुख हेमन्त चन्दले बताए ।



प्रति विरामीलाई निशुल्क रुपमा गुणस्तरीय सेवा दिने गरेको प्रमुख चन्दले जानकारी दिए । सेवाग्राहीमा प्रायस्जसो विरामी भन्दा वृद्धवृद्धा बाक्लो रुपमा आउने गरेको बताइन्छ । त्यसमा पनि महिला सेवाग्राही वढी सेवा लिन आउने गरेको आयुर्वेद औषधालयमा आउने गरेका छन् । पुरुष भन्दा महिला बढी घरायसी काम धन्दामा सहभागी हुने भएकाले वाथरोगबाट ग्रसित हुने गर्छ । त्यस कारण पनि पुरुषको तुलनामा महिला बढी आउने वैद्य पार्वतीले जानकारी गराइन् । सवै भन्दा बढी पातारासी र गुठिचौर गाउँपालिकाका विरामीहरू आउने गरेका छन् । अन्य गाउँपालिका भन्दा पातारासी र गुठिचौर गाउँपालिकाका विरामी बढी आउने गरेको रावलको बुझाइ छ । चन्दननाथ नगरपालिका, तातोपानी र तिल्ला गाउँपालिकाबाट कमै मात्र विरामी आउने गरेको रावलले जानकारी दिइन् । हिमा र सिंजा गाउँपालिकाका विरामीहरू भने अकल झुकल रुपमा आउने गरेका छन् । पछिल्लो समय मानिसमा आयुर्वेद चिकित्सा प्रति विरामीको आर्कषण बढ्दै जान थालेको प्रमुख हेमन्त चन्दले बताए । आधुनिक जीवनशैली र विषादीयुक्त खानपानले मानिसमा नसर्ने रोगले बढी सताउन थालेपछि अन्य औषधि भन्दा आयुर्वेदिक औषदीमा सर्वसाधारणको आर्कषण बढ्न थालेको चन्दको भनाइ छ ।

जुम्ला आयुर्वेद औषधालयको तथ्यांकले जिल्लामा आयुर्वेदिक उपचार पद्धतिमा आकर्षण बढदै गएको देखाएको छ । आर्थिक वर्ष २०७३र०७४ मा जिल्लाका ४ हजार ५७२ जनाले आयुर्वेद सेवा लिएकोमा गत आर्थिक वर्षमा सो संख्या बृद्धि भइ ५ हजार २२७ पुगेको कार्यालयका प्रमुख चन्दले बताए । मेडिकल तथा अस्पताल को उपचारको तुलनामा असर काम हुने भएकाले आयुर्वेद औषधिप्रति आकर्षण बढदै गएको हो । औषधालयले विभिन्न प्रकारका रोगको उपचार गर्दै आएको छ । धेरैजसो ग्याट्रिक, पायल्स र बाथ रोगीका बिरामीले सेवा लिँदै आएका छन् । थाहाखबरबाट


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ,गरिबी न्यूनिकरण गरौँ ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## अन्तराष्ट्रिय न्युज

# प्रधानमन्त्रीले राजदूतलाई बर्खास्त



**क्यानडा**-क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले चीनका लागि आफ्नो देशका राजदूतलाई बर्खास्त गरेका छन्। पक्राउ परेकी ह्वावेइकी वरिष्ठ अधिकृतको अमेरिका सुपुर्दगीसम्बन्धमा विवादास्पद अभिव्यक्ति दिएलगत्तै ती राजदूत बर्खास्तगीमा परेका हुन्। चीनका निम्ति क्यानडाका राजदूत जन म्याककुलमले चिनियाँ टेलिकम ह्वावेइका वरिष्ठ अधिकारी मङ वान्जुको सुपुर्दगीबारे विवादास्पद टिप्पणी गरेका थिए। अमेरिकाको अनुरोधमा वान्जुलाई पक्राउ गरेयता चीनको क्यानडासँग सम्बन्ध बिग्रिएको छ। उनीमाथि अमेरिकाले इरानसम्बन्धी आर्थिक प्रतिबन्धका प्रावधान उल्लंघन गरेको आरोप लगाएको छ। तर ती आरोप ह्वावेइले अस्वीकार गर्दै आएको छ। म्याककुलमले मङ्गलबार सार्वजनिक रूपमै अमेरिकाले गरिरहेको सुपुर्दगीको अनुरोधमा गम्भीर त्रुटि रहेको टिप्पणी गरेपछि पछिल्लो विवाद उत्पन्न भएको थियो।

## ज्ञानमाला

१. सबैभन्दा सानो नगरपालिका कुन हो ?
-भक्तपुर (६.८९ व.कि.मि.)
२. सबैभन्दा सानो गाउँपालिका कुन रहेको छ।
-परवानीपुर (बाराः १५.४८ व.कि.मि.)
३. सबैभन्दा ठूलो नगरपालिका भनेर कुन चिनिन्छ।
-सितगंगा (अर्घाखाँचीः ६१०.४३ व.कि.मि.)
४. तराई प्रदेशमा मात्र फैलिएको प्रदेशकु रहेको छ।
-प्रदेश नं. २
५. नेपालमा जम्मा जिल्लाहरुकति वटा छन् ?
-७७ वटा
६. नेपालमा जम्मा महानगरपालिका कति रहेको छन्।
-६ वटा (सूत्रः काभलपोविवि)
७. नेपालमा जम्मा उपमहानगरपालिका कति वटा रहेका छन्।
-११ वटा
८. नेपालमा जम्मा नगरपालिका कति छन्।
- २७६ वटा
९. नेपालमा जम्मा गाउँपालिका कति रहेका छन्।
-४६० वटा
१०. नेपालमा जम्मा स्थानीय तह कति हुन ?
-७५३ वटा
११. नेपालमा जम्मा वडा संख्या कति रहेको छ।
-६,७४३ वटा
१२. कोइलाबाट तेल निकाल्ने प्रविधीलाई के भनिन्छ ?
- हाइड्रोजिनेशन
१३. रिमोट कन्ट्रोलमा कुन किरणको प्रयोग भएको हुन्छ ?
- इन्फ्रा रेड रे
१४. दिन र रात बराबर हुने दिन कुन हो ?
- 21 मार्च र 22 सेप्टेम्बर
१५. संयुक्त राष्ट्रसंघको लागि नेपालको तर्फबाट पहिलो स्थायी प्रतिनिधि को हुन् ?
- ऋषिकेष शाह
१६. किराँत जातिको धार्मिक ग्रन्थलाई के भनिन्छ ?
- मुन्धुम


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**महावै गाउँपालिका कार्यालय**
**कालिकोट**

*एक घर एक करेसावारीको स्थापना गरौं।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥*

**पचाल झरना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट**

## रास्कोट नगरपालिकाको सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं।**

**रास्कोट नगरपालिका कार्यालय**
**कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

**गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर-घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैंक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

# दुई नाबालक दृष्टिविहीन वजैंको अभिभावक

**मिसन न्यूज**

**जाजरकोट** - आमा, बुबाको मृत्युपछि यहाँको बारेकोट गाउँपालिका-९ सक्ला खारीगाउँका दुई नाबालक ७५ वर्षीय वृद्ध हजुरआमा सरिता खड्काको अभिभावक बनेका छन्। अभिभावकको मृत्यु भएपछि उनीहरू दृष्टिविहीन हजुरआमाको सहारा बनेका हुन् । जिल्लाको सबैभन्दा दुर्गम गाउँपालिका बारेकोट-९ खारीगाउँका १२ वर्षीय कमल खड्का र आठ वर्षीय हरिश खड्का दाजुभाइ हजुरआमाको अभिभावक भएका हुन्। उनीहरू टुहुरा हुन्। कमल ६ कक्षा र हरिश २ कक्षामा पढ्दै थिएरु। गत वर्ष आमा देवी र मङ्सिरमा बुबा रणबहादुरको मृत्यु भएपछि उनीहरू दुवै टुहुरा बनेका हुन्। बुबाआमाको मृत्युपछि कमल र हरिशको पढाइ पनि अलपत्र परेको छ । घरपरिवारमा सहारा दिने कोही नभएपछि अहिले कमल र हरिश गोठाला बन्न बाध्य छन् । त्यसैमा उनीहरूको अर्को बोझ थपिएको छ- आँखा नदेख्ने ७५ वर्षीया हजुरआमाको स्याहा र सुसार । उनीहरू पढ्न, लेख्न, बुद्धि विकास, सुरक्षा, स्वास्थ्य उपचारलगायत हकअधिकारबाट वञ्चित छन् । उनीहरूले दृष्टिविहीन हजुरआमाको स्याहारसुसार गर्ने



दुई नाबालक ७५ वर्षीय वृद्ध हजुरआमा सरिता खड्काको स्यार गर्दै ।

जिम्मेवारी वहन पनि गर्दै आएका छन्। आमाबुबाको मृत्युपछि घरव्यवहार धान्ने र हजुरआमाको स्याहारसुसार तथा हेरचाह गर्ने कोही नहुँदा पढाइबाट वञ्चित भएको कमलले बताए । 'हजुरआमा आँखा देख्नुहुन्न, उहाँलाई बोकेर भित्र बाहिर गर्नुपर्छ', उनले भने, 'हात धुने र खाना खुवाइदिने गर्नुपर्छ, हजुरआमाको हेरचाह र गाईवस्तुको गोठाला गर्दैमा हैरान भएको छु ।' विगतमा एकैसाथ पढ्न जाने गरेका साथीहरू लर्को लागेर विद्यालय गएको देख्दा मन खिन्न हुने गरेको दाजुभाइको गुनासो छ । 'माध्यमिकस्तरको पढाइ पूरा गर्ने सोच थियो', कमलले भने, 'त्यो पनि पूरा नहुने भयोरु।' सानो भाइलाई हजुरआमाको हेरचाह गर्न भन्दै आफू विगतमा बुबाआमाले पाल्दै आएका पाँच गाईको गोठाला लाग्न जाने गरेको उनले बताए । भाइ र आफूलाई स्कूल गएर पढ्ने खर्च जुटाउन कठिन भएको उनको भनाइ छरु। घरमा आँखा नदेख्ने वृद्ध हजुरआमाबाहेक अरू अभिभावक नहुँदा समस्या भएको उनले जनाए । बाल्यकाल मै आमाबुबा गुमाएका कमल र हरिश दृष्टिविहीन हजुरआमाको जीवन सहारा बनेको स्थानीय ध्रुव आचार्यले बताए । पढाइबाट वञ्चित हुँदा विपन्न

**बाँकी ८ पृष्ठमा..**


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## दुई जिल्लाका नागरिकलाई .................

अभिलेख र लेखा परीक्षणसहित पेश गरेर मन्त्रालयबाट भुक्तानी लिने मन्त्री बुढाले बताए । सहुलियत दरको हवाइ सेवा नेपालगञ्ज, सुर्खेत विमानस्थलबाट मात्र पाउने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले जनाएको छ ।

## चिसोबाट बचाउन ................................

भएका मानिसहरुलाई चिसोबाट जोगाउन सहयोग गरिएको बताए । पहिचान नखुलेका तर, सडकमै बास भएका उनीहरुलाई स्थानीय तहसँग समन्वय गरी नेपाली नागरिकता उपलब्ध गराइने उनको भनाई छ । नागरिकता नभएकै कारण राज्यले दिने दुई हजार रुपैयाँ भत्ताबाट उनीहरु बञ्चित भएका छन् । 'सडकबासीलाई राज्य भएको आभास दिलाउनुका साथै उनीहरुको सहारा बन्नु राज्यको कर्तव्य हो', उनले भने, 'त्यसैले उनीहरुलाई अधिकार दिलाउन आफन्तजनको पनि खोजी हुनेछ ।' सशस्त्र प्रहरीबलका एसपी रोशन श्रेष्ठले सडकबासीलाई अभिभावकको महसुस दिलाउन सबै निकायले सहयोग गर्नु जरुरी रहेको बताए ।

## दुई नाबालक दृष्टिविहीन....................

परिवारका कमल र हरिशको भविष्य अन्योलपूर्ण भएको गौतमको भनाइ छ । 'सबै साथी पढ्न जान्छन्, हामी भने हजुरआमा र गाईगोरु हेर्न अनि घाँस काट्न बाध्य छौं', हरिशले आँसु चुहाउँदै भने, 'पढ्न मन कसलाई पो हुँदैन र ? तर के गर्नु हाम्रो कोही छैन, कसरी पढ्नु ।' खड्का दाजुभाइलाई अहिले घरमा आँखा नदेख्ने हजुरआमाको स्याहार र घरको काम नै सबैभन्दा ठूलो चुनौती बनेको छ ।


### महावैको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**

**कालिकोट**



### 'भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com


## स्टमेट विपरित विमानस्थल.....................

खिचातानी मै सिमित भएको छ । सरकारी बेवास्थाको सिकार बन्दा विमान चढ्ने यस क्षेत्रका बासिन्दाको सपना सपनामामै सिमित बनिरहेको छ । विमानस्थल निर्माण थालिएको तीन दशक नाघ्दा कति खर्च भयो भन्ने कुनै लेखाजोखा छैन । राज्यको ठुलो लगानीसँगै द्वन्द्वका वेला मज्दुरले ज्यान समेत गमाएका थिए । काम गर्ने मज्दुरलाई माओवादी भन्दै गोली हानेर हत्या गरिएको थियो । सुनथराली विमानस्थल निर्माणका क्रममा ३६ जना मजदुरले ज्यान समेत गुमाएका थिए । ०५८ फागुन १३ गते कालिकोटको कोटबाडामा माओवादी भन्दै तत्कालीन शाही नेपाली सेनाले ३५ जना मजदुरसहित ६ जना स्थानीय मारेको थियो। स्थानीय मुर्गा विष्ट विमानस्थलकै कारण छोरोको ज्यान गए पनि अहिलेसम्म जहाज नआउको गुनोसो पोखिन् । विगतमा स्थानीय समिति हुँदा विमानस्थल निर्माण कार्य ढिलाई भएको नागरिक उड्ययन प्राधिकरणका आयोजना सुपरभाइजर गणेश विष्टले बताए ।

### विमानस्थलमा वेइमान

हाल पुन: नागरिक उड्ययन प्राधिकरणले ठेक्का अवाह्न गरेको छ।१५ करोडको ठेक्का एक फमको स्वीकृत भएको प्राधिकरणले बताएको छ। ठेक्काको काम भने अझै सुरु भएको छैन । यो ठेक्का भन्दा पहिलो विमानस्थलमा ३० करोडको हाराहारीमा बजेट खर्च भएको नागरिक उड्ययन प्राधिकरणले बताएको छ। विमानस्थल निर्माणको जिम्मेवारी पाएको गौरी पार्वती, श्याम एण्ड संकर कन्ट्रक्शनले झनै लापरवाही गरेको छ। हाल निर्माणधिन विमानस्थल नजिकै सडक निर्माण भइरहेको छ। विमानस्थल निर्माणका लागि सामान ढुवानीको स्टमेट हेलीकप्टरको भए पनि ठेकदारले काम सुरु गरेका छैनन् । सडक निर्माण भए मात्र विमानस्थलको सामान गाडीबाट ढुवानी गर्ने ठेकेदादार पदम खड्काको तयारी रहेको छ । गाउँपालिकाले पनि सडक निर्माण गरेपछि मात्र विमानस्थल निर्माण गर्ने मोडमा छ। स्थानीयवासी विमानस्थल निर्माण कार्य सुरु नभएपछि आक्रोसित बनेका छन् । हेलिकप्टरको स्टमेटमा सम्झौता भए पनि सडक निर्माण पछि मात्र काम सुरु गर्नु भनेको ठुलो लापरबाही भएको स्थानीय सन्दर बिष्टले बताए । ठेकदार, नागरिक उड्ययन प्राविधिकरण र स्थानीय गाउँपालिकाको मिलिमतोमा निर्माण कार्य सुरु नभएको स्रोतले बताएको छ।


### बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा कर्णाली प्रदेशबाट सूचिकरण भएको **www. missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक (ख) बर्गमा वर्गिकृत पत्रिका प्रकाशन भईरहेको छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधैं यहाँको साथमा छौं ।

हाम्रा विशेषताहरु

– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्रीउत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
**इमेल** : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
MISSION News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

**सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. –** ०८७-४४०२४२, ९८४८०४९४५५ ,९८६८३१५३५३ , **इमेल** : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com ,**मुद्रण: ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट**